कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११७ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः **कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | मा. सदस्यको नाम |
|---|---|
| १. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा |
| २. | मा० हिक्मतबहादुर विष्ट |
| ३. | मा० कल्याणी खड्का |
| ४. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल |
| ५. | मा० महेन्द्र के.सी. |

## दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | प्रस्तावना | | | | प्रदेशस्तरमा जलस्रोत लगायतका अन्य नविकरणीय विद्युत क्षेत्रको सर्वाङ्गीण विकासको लागि पारदर्शी एवम् प्रतिस्पर्धात्मक सिद्धान्तको अवलम्बन गर्दै विद्युतको उत्पादनमा गुणात्मक वृद्धि गरी दिगो प्रसारण र वितरण प्रणाली विस्तारको माध्यमबाट उर्जाको आन्तरिक माग र आपूर्ति बिच सन्तुलन कायम गर्न, औद्योगिक क्षेत्र लगायत सबै प्रकारका ग्राहकहरूलाई गुणस्तरीय, सुरक्षित, भरपर्दो, र्सवसुलभ र व्यवस्थित विद्युत सेवा उपलब्ध गराउन, आन्तरिक तथा बाह्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्युत व्यापारका लागि पूर्वाधारको विकास गर्दै उर्जा र जलस्रोतको विकासलाई प्रदेश समृद्धि र आर्थिक विकासको प्रमुख आधारशीला बनाउनका लागि आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्न वाञ्छनीय भएकाले,<br>कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ। | |
| २. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १ | १ | | | "यो ऐनको नाम, कर्णाली प्रदेश विद्युत ऐन, २०८० रहेको छ" को सट्टा "यस ऐनको नाम कर्णाली प्रदेश विद्युत ऐन, २०८० रहेको छ।" राख्नु पर्छ। | "यो" को ठाउँमा "यस" राख्दा समग्रता समेट्ने भएकाले। |
| ३. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २ | ङ | | | "उत्पादन" भन्नाले विद्युत उत्पादन र सो को लागि आवश्यक संरचनाको निर्माण, संचालन र सम्भारको कार्य सम्झनरुपर्छ। | उपयुक्त र संक्षिप्त बनाउन। |
| ४. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २ | च | | | विधेयकमा भएको सट्टा "क्याप्टिभ उत्पादन" भन्नाले कुनै सस्था, उद्योग, फर्म वा कम्पनीले उत्पादनको ५१ प्रतिशत भन्दा बढी आफै प्रयोग गर्ने गरी जल विद्युत बाहेकको आयोजनाबाट विद्युत उत्पादन कार्य सम्झनु पर्छ। | छोटो र स्पष्ट हुनुपर्ने। |
| ५. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २ | छ | | | विधेयकमा व्यवस्था भएको सट्टा 'ग्राहक' भन्नाले विद्युत उपयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ लेख्ने। | छोटो र स्पष्ट हुनुपर्ने। |
| ६. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा | २ | | ड | | मूल विधेयकको परिभाषा दफामा रहेको "एक मेगावाटदेखि" भन्ने शब्दको सट्टा देहायबमोजिम राख्ने। "तीन मेगावाट भन्दा बढी"। | संघीय विद्युत ऐन, २०७७ सँग बाझिने र संघीय कानूनको भावना विपरित प्रदेश कानून निर्माण हुन नसक्ने संवैधानिक व्यवस्था रहेकोले। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | मा० कल्याणी खड्का | २ | | ङ | | १ देखि ३ भोल्ट स्थानीय तहलाई ३ देखि २० भोल्ट प्रदेश सरकारलाई र २० भोल्टदेखि माथि संघीय सरकारको क्षेत्राधिकार हुनुपर्ने। | संघीय कानूनसँग बाझीने भएकाले |
| ८. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २ | नयाँ | | | परिभाषामा 'प्रशारण वा वितरण शूल्क' -विलिङ्ग चार्ज) भन्नाले राष्ट्रिय ग्रिड वा विद्युत प्रसारण वा वितरण लाईन प्रयोग गरे वापत तिर्नुपर्ने शुल्क सम्झनु पर्छ भन्ने दफा थप्ने। | स्पष्ट बुझिने नभएको । |
| ९. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २ | ल | | | "नवीकरणीय उर्जा" भन्नाले जलीय उर्जा, सौर्य उर्जा, वायु उर्जा, जैविक उर्जा आदी पर्यावरण प्रदूषण रहित उर्जालाई जनाउँछ भनि लेख्ने र पुरानो व्यवस्था हटाउने। | स्पष्ट गर्न आवश्यक भएकाले। |
| १०. | मा० विन्दमान विष्ट | ३ | १ | | | सर्वेक्षण सम्बन्धी कार्यको पछाडी "गर्ने र" भन्ने शब्दहरू थप्ने | प्रदेश सरकार आफैले पनि सर्वेक्षण गर्नु पर्ने हुन सक्ने |
| ११. | मा० हिक्मतबहादुर विष्ट | ५ | १ | | | प्रदेश सरकारले ग्रामिण विद्युतीकरण गर्ने गरी लधु तथा साना जलविद्युत र नविकरणीय उर्जाको विकास गर्नु स्थानिय तह र लघु तथा साना जलविद्युत संस्थालाई आवश्यक अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ। | ऋण सहयोग, अनुदान सहयोग र अन्य सहयोगमा अलमल नपरोस् भनेर अनुदान शब्दलाई किटानी गर्नु आवश्यक रहेकोले। |
| १२. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा | ६ | १ | | | मूल विधेयकको "एक देखि" भन्ने शब्दको सट्टा देहायबमोजिम राख्ने।-"तीन भन्दा बढी। | संघीय विद्युत ऐन २०७७ बमोजिम तर्जसमागत मिलाइएको। |
| १३. | मा० कल्याणी खड्का | ६ | १ | | | दफा २ को ङ अनुसार मिलाउनु पर्ने। | |
| १४. | मा० विन्दमान विष्ट | ७ | १ | | | स्वच्छ भन्ने शब्द हटाउने | विद्युतमा सो शब्द नभएको |
| १५. | मा० हिक्मतबहादुर विष्ट | ८ | १ | क | | मन्त्री, जलस्रोत तथा उर्जा विकास मन्त्रालय, | मन्त्री, जलस्रोत तथा उर्जा विकास मन्त्रालयलाई स्पष्ट पार्न। |
| १६. | मा० हिक्मतबहादुर विष्ट | ८ | १ | ग | | सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय | मन्त्रालयलाई प्रष्ट पार्नु पर्ने हुँदा। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | मा० कल्याणी खड्का | ८ | १ | च | | समितिले मनोनयन गरेका भन्ने शब्दहरू पछि रहेका "एक जना महिला भन्ने शब्दहरूको सट्टा "कम्तिमा एक जना महिला" भन्ने शब्दहरू राख्ने। | महिला संलग्नता वृहत तवरले सुनिश्चितता गर्न। |
| १८. | मा० हिक्मतबहादुर विष्ट | ८ | २ | | | उपदफा १ को खण्ड (च) बमोजिम सदस्यहरूको पदावधी मनोनयनको मितिले चार बर्षको हुनेछ। | ३ बर्षको कार्यकाल कम हुने भएकाले |
| १९. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ८ | २ | च | | उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि चार वर्षो हुनेछ र निजहरूलाई आवश्यकता हेरी पुनः एक पटकका लागि मनोनयन गर्न सक्नेछ। | आवश्यक भएमा थप गर्न उपयुक्त हुने। |
| २०. | मा० हिक्मतबहादुर विष्ट | ८ | ५ | | | अग्रीम सुचना विना ३ पटक भन्दा बढी अनुपस्थिति भएमा निजलाई स्वतः: हटाउन सकिनेछ। भनि थप्नुपर्ने। | सदस्यहरूलाई जिम्मेवार बनाउन। |
| २१. | मा० कल्याणी खड्का | ९ | १ | च | | खण्ड च को व्यवस्थामा स्पष्टिकरण राखी विधेयकको मर्म अनुसार स्पष्ट पार्नु पर्ने। | विषय गहन तर अस्पष्ट भएकाले। |
| २२. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ९ | १ | च | | पूरै हटाउने। | आवश्यक नभएको। |
| २३. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ९ | नयाँ | | | उपदफा (२) थप गरि निम्नानुसारको व्यवस्था गर्ने।<br>(क) निर्देशक समितिले प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्त गर्न सक्ने छ।<br>(ख) कार्यकारी निर्देशकको योग्यता देहाय अनुसार हुने छ।<br>(अ) नेपाली नागरिक<br>(आ) ३५ वर्षपूरा भई ५८ वर्षउमेर नपुगेको।<br>(इ) उर्जा, जलस्रोत, इन्जिनियरिङ र व्यवस्थापन विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरेको।<br>(ई) सम्बन्धित विषयमा १० वर्षो अनुभव भएको। | काम, कारबाही प्रभावकारी बनाउन। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | (ग) कार्यकारी निर्देशक नियुक्तीको अन्य विषय कानून बमोजिम (नियमावली) तोके अनुसार हुने छ।<br>(घ) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार निर्देशक समितिले तोके बमोजिम हुनेछ। | |
| २४. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | | | | "प्रतिस्पर्धा गर्नु पर्ने" शीर्षकको सट्टा "प्रतिस्पर्धाको माध्यमबाट विद्युत आयोजनाको विकास गर्ने" शीर्षक राख्ने। | उद्देश्य र विषय स्पष्ट गर्न सजिलो हुने। |
| २५. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | १ र २ | | | उपदफा (१) र (२) हटाई त्यसको सट्टा "विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन देहाय बमोजिमको प्रतिस्पर्धात्मक माध्यमबाट गरिने छ" भन्ने वाक्यांश राख्ने र यसलाई दफा १० को उपदफा (१) मा राखी निम्नानुसार गर्ने।<br>(क) पूर्वयोग्यता निर्धारण गरी खुल्ला रूपमा प्रस्ताव आह्वान गरी।<br>(ख) पूर्वयोग्यता निर्धारण नगरी खुल्ला रूपमा प्रस्ताव आह्वान गरी। | एउटै विषय दुई वटा उपदफामा राख्नु भन्दा उपदफा (१)मा राख्दा अझ स्पष्ट हुने। |
| २६. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | नयाँ | | | उपदफा (१) बमोजिमको प्रतिस्पर्धामा योग्य प्रवर्द्धक सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्ने छ। (यसलाई उपदफा (२) मा राख्नु पर्ने) | प्रवर्द्धकलाई विश्वस्त बनाउन सजिलो हुने हुँदा। |
| २७. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | नयाँ | | | प्रतिस्पर्धाको माध्यमबाट आयोजना विकास गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। (यसलाई उपदफा (३) मा राख्नु पर्ने) | ऐनमा सबै कुरा उल्लेख गर्न सम्भव नभएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | ३ | | | उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि देहायको अवस्थामा प्रतिस्पर्धा बिना आयोजना विकासका लागि अनुमति प्रदान गर्न सकिने छ।<br>(क) यो ऐन प्रारम्भ हुनु अघि सर्वेक्षण अनुमति प्राप्त संस्था वा कम्पनीले त्यसको अनुमतिको अवधिभित्रै विद्युत उत्पादन वा प्रसारण अनुमति प्राप्त गर्न यो ऐन बमोजिम निवेदन दिएमा।<br>तर, सर्वेक्षण अनुमतिको अवधिभित्र उत्पादन वा प्रसारण अनुमतिका लागि निवेदन दिई अनुमति प्राप्त गर्न अर्समथ भएमा त्यस्तो आयोजना समेत उपदफा (१) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विकास गरिने छ। | प्रस्ताव प्रस्तुत गर्दा नै सबै कुरा संलग्न हुने भएकाले संक्षिप्तमा लेख्न उपयुक्त हुने। |
| २९. | मा० हिक्मतबहादुर विष्ट | १० | ३ | क | | तर ........ वित्तीय व्ययवस्थापन तथा मुआब्जा वितरण भन्ने उल्लेख हुनुपर्ने। | आयोजना सञ्चालन पछि मुआब्जाको विवादले अवरोध नआओस् भनेर |
| ३०. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा | १० | ३ | ख | | मूल विधेयकमा रहेको "आयोनाहरू" शब्दको सट्टा देहायको शब्दावली राख्ने।<br>-" आयोजनाहरू" | भाषिक शुद्धता कायम गरिएको। |
| ३१. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा | १० | ३ | च | | मूल विधेयकमा रहेको देहाय बमोजिमको खण्डलाइ झिक्ने।<br>-"खण्ड च"। | दफा ८ मा निर्देशक समितिको व्यवस्था भएको र विद्युत आयोजन सञ्चालन तथा निर्माणसम्बन्धमा कही कतै उल्लेअ नभएको। |
| ३२. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | ३ | च | | पूरै हटाउँने। | आवश्यक नभएको। |
| ३३. | मा० विन्दमान विष्ट | १० | ३ | छ | | हटाउनु पर्ने | दफा ८ मा उल्लेखित व्यवस्था नभएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | ४ | | | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारले आयोजना प्रवर्द्धकसँग नेगोसिएसन वा जिटुजी प्रक्रियाका माध्यमबाट सम्झौता गरी देहायका अयोजनाहरू कार्यान्वयन गराउँन सक्ने छ।<br>(क) विद्युत आयोजनाको लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुनसक्ने नभएको आयोजना।<br>(ख) नयाँ अवधारण वा प्रविधि समावेश भएको आयोजना।<br>(ग) प्रदेशको प्रथामिकताको आधारमा अन्य निकायबाट कार्यान्वयन गर्ने गरि छनौट गरिएको आयोजना। | लगानी आकर्षण गर्न बल पुग्ने। |
| ३५. | मा० विन्दमान विष्ट | १० | ४ | | | प्रस्ताव पेश हुन नसकेका भन्ने शब्द पछाडी र सम्बन्धित निकायका अगाडीका शब्द हटाउने र खण्ड १,२,३ हटाउने। | प्रतिस्पर्धामा नआएका सबै आयोजना सोझै दिनु पर्ने। |
| ३६. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १० | ५ र ६ | | | पूरै हटाउने। | आवश्यक नभएको। |
| ३७. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ११ | | | | "प्रस्ताव आह्वान" को शीर्षक परिर्वतन गरि "प्रतिस्पर्धाका लागि प्रस्ताव आह्वान गर्नुपर्ने" राख्नु पर्ने। | शीर्षक प्रष्ट बुझिने हुनुपर्ने। |
| ३८. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ११ | १ | | | दफा ११ को उफादफा (१) लाई "दफा १० बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न मन्त्रालयले तोकिए बमोजिमका विवरणहरू उल्लेख गरि तोकिए बमोजिम र्सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव आह्वान गर्नुपर्ने छ।" यसरी लेख्ने। | स्पष्ट पार्न। |
| ३९. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० | १४ | | | | "अनुमति पत्र लिनुपर्ने" शीर्षकमा "पत्र" शब्द हटाउँनु पर्ने र उपदफा (१) मा विद्युतको उत्पादन, प्रशारण, वितरण, व्यापार वा | आकर्षण शीर्षक हुनुपर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | टेकराज पछाई र मा० जीतबहादुर मल्ल | | | | | ग्राहक सेवा सञ्चालन गर्न चाहने संस्था वा कम्पनीले यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति लिनुपर्ने छ। | |
| ४०. | मा० जीवनबहादुर शाही र मा० विजया बुढा | १५ | १ | क र ख | | मूल विधेयकमा रहेको "एक" शब्दको सट्टा देहायबमोजिमको शब्दावलीलाई राख्ने।<br>- "तीन"। | संघीय विद्युत ऐन,२०७७ मा भएको प्रावधान बमोजिम तर्जुमागत मिलाइएको। |
| ४१. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १५ | १ | | | यस उपदफा (१) को खण्ड (क) र (ख) हटाई निम्नानुसारको व्यवस्था गर्ने।<br>(क) ३ मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजनाको हकमा सम्बन्धित स्थानीय तह,<br>(ख) ३ मेगावाटभन्दा माथि २० मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजनाको हकमा प्रदेश सरकार, | संविधानमा व्यवस्था भए अनुरुप। |
| ४२. | मा० यामलाल कडेल, मा० विनोद कुमार विष्ट, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १५ | २ | | | उपदफा (१) को खण्ड (क) पूरै हटाउने। | आवश्यक नभएको। |
| ४३. | मा० हिक्मतबहादुर विष्ट | १६ | २ | | | ......आयोजनाको संक्षिप्त विवरण सहितको ३० दिनको सूचना प्रकाशन गर्नु पर्ने | १५ दिनको सट्टा ३० दिनको सूचना प्रकाशित भएमा बढी भन्दा बढीले जानकारी प्राप्त गर्ने हुदा। |
| ४४. | मा० महेन्द्र के.सी. | १८ | १ | क | | जलाशययुक्त आयोजनाहरूको हकमा बढीमा ४० वर्ष र अन्य प्रकृतिका आयोजनाको हकमा बढीमा ३० वर्ष | अनुमानित पत्रको अबधि बढी धेरै लामो राख्न उपयुक्त नहुने भएकाले। |
| ४५. | मा० विन्दमान विष्ट | १८ | १ | | | जलस्रोतबाट विद्युत उत्पादन गर्ने आयोजनाको हकमा बढिमा ३० वर्ष र जलासययुक्त आयोजनाको हकमा थप ५ वर्ष हुनु पर्ने। | ५० र ४० वर्ष बढि हुने भएकाले |
| ४६. | मा० महेन्द्र के.सी. | १८ | १ | ख | | विद्युत उत्पादन गर्न २० वर्ष भन्ने शब्द राख्ने | अनुमानित पत्रको अबधि बढी धेरै लामो राख्न उपयुक्त नहुने भएकाले। |
| ४७. | मा० महेन्द्र के.सी. | १८ | १ | ग | | सेवाका लागि २५ वर्ष भन्ने शब्दको सट्टा २० बर्ष भन्ने शब्दहरू राख्ने। | अनुमानित पत्रको अबधि बढी धेरै लामो राख्न उपयुक्त नहुने भएकाले। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८. | मा० हिक्मतबहादुर विष्ट | २२ | १ | ख<br>ग | | .......त्यस्तो आदेशको उल्घंन गरेमा<br>...... उल्लेखित शर्तको उल्घन गरेमा | बारम्बार भन्ने शब्दले सम्बन्धित संस्थालाई विलम्व गर्न छुट दिन सक्ने भएकाले। |
| ४९. | मा० महेन्द्र के.सी. | २२ | १ | | | खण्ड "घ" पछि देहायको खण्ड "ङ" थप्ने<br>(ङ) अनुमति प्राप्त संस्थाले अनुमति पाएको ७ वर्ष सम्म आयोजना निर्माणको काम सुरु नगरेमा त्यस्तो अनुमति खारेज गर्ने। | |
| ५०. | मा० हिक्मतबहादुर विष्ट | ५३ | १ | | | मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट र सम्बन्धित क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य बाट विद्युत आयोजनाको अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ। | सम्बन्धित क्षेत्रको जनप्रतिनिधिलाई बढी चासो हुने भएकाले र निजलाई ठ्थप जिम्मेवार बनाउन। |
| ५१. | मा० हिक्मतबहादुर विष्ट | ५३ | २ | | | मन्त्रालयले त्यस क्षेत्रका प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्यहरू संग र स्थानिय तह संग समन्वय गर्न सक्नेछ। | सम्बन्धित क्षेत्रको जनप्रतिनिधिलाई आफ्नो क्षेत्रमा संचालित आयोजनाहरूको बारे बढी जानकारी र चासो हुने हुदा। |

क्र. सं. १ देखि ४६ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

..................................................

(नन्दा गुरुङ्ग)

सभामुख

कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश